



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २६ ❑ अङ्क १७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २१ गते शनिबार ❑ 5 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणमा विज्ञको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

जलवायु परिवर्तनको असरसँग जुध्न नेपालले अनुकूलन र न्यूनीकरणका उपाय अवलम्बन गर्नुपर्नेमा सो क्षेत्रका विज्ञहरूले जोड दिएका छन् ।

मेची-महाकाली मिडिया सोसाइटीद्वारा पोखरामा आज आयोजित 'सञ्चारकर्मीहरूसँग जलवायु संवाद' कार्यक्रमका वक्ताहरूले जलवायु न्यायका लागि नेपालले विश्व समुदायसमक्ष स्पष्ट अडान राख्नुपर्ने बताउनुभएको हो ।

वातावरण तथा जलवायु परिवर्तनको नीति तथा अर्थशास्त्र क्षेत्रमा कार्यरत अर्जुन ढकालले जलवायु परिर्वतन विस्तारै आर्थिक मुद्दा बन्दै गएको बताउनुभयो । उहाँले जलवायु परिवर्तनलाई सङ्कटका रूपमा मात्र नहेरी त्यसलाई अवसरका रूपमा पनि लिनुपर्ने बताउनुभयो । "जलवायु परिवर्तनका सबैभन्दा बढी असर खेपिरहेको हिमालय क्षेत्रको मध्यभागमा पर्ने भएकाले जलवायु मुद्दाको नेतृत्व नेपालले लिनसक्छ", उहाँले भन्नुभयो, "यसले आर्थिक, प्राविधिकलगायत अन्य अवसर पनि सृजना गर्छ ।"

ढकालले विश्वमा औद्योगिकीकरणको विकास भएसँगै पृथ्वीको औसत तापक्रम बढ्दै गएको र त्यसले जलवायु सङ्कट निम्त्याएको बताउनुभयो । कार्बन उत्सर्जनमा नेपालको भूमिका नगन्य मात्रामा रहे पनि जलवायु परिर्वतनको ठूलो असर नेपालले भ्रेलिरहेको उहाँको भनाइ छ । पृथ्वीको तापक्रम बढ्दा पानीको चक्र र जैविक प्रणाली नै खल्बलिएको ढकालले बताउनुभयो । "जलवायु परिवर्तनका कारण हिमनदी पग्लेर हिमताल बन्ने क्रम बढ्दो छ, हिमताल फुट्ने जोखिम पनि उत्तिकै छ", उहाँले भन्नुभयो ।

ढकालले क्षतिपूर्तिसहितको जलवायु न्यायका लागि नेपालले अन्तरराष्ट्रिय जगत्मा पहुँच र पहल बढाउनुपर्ने उल्लेख गर्नुभयो । पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा वेदराज केसीले जलवायु मानवीय गतिविधिका कारण विश्वले वातावरणीय सङ्कट भ्रेलिरहेको बताउनुभयो । वातावरण संरक्षणसँगै र दिगो विकासमा जोड दिनुपर्ने उहाँको भनाइ थियो । जलवायु परिवर्तनलाई रोक्न नसकिने जनाउँदै प्रा डा सुवेदीले यसका असर न्यूनीकरणसँगै परिवर्तित अवस्थामा अनुकूलनका उपायहरू अपनाउनुपर्ने धारणा राख्नुभयो । खाद्य अधिकारका जानकार डा भेषराज अधिकारीले जलवायु परिवर्तनले कृषि प्रणालीमा पनि असर पुऱ्याइरहेको बताउनुभयो । जैविक विविधतामा ह्रास आउँदा त्यसले खाद्यान्न सङ्कट ल्याउन सक्ने उहाँको भनाइ छ ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव अजय कार्कीले शाहाकारीको तुलनामा मांसाहारी जीवजन्तुमा जलवायु परिवर्तनको असर कम परेको अनुसन्धानबाट देखिएको बताउनुभयो । उहाँले जलवायु परिवर्तनबारे नीति र योजना बने पनि तिनको प्रभावकारी कार्यान्वयन हुन नसकेको उल्लेख गर्नुभयो । सहसचिव कार्कीले जलवायु परिवर्तनका कारण खनिज, वनस्पति र प्राणी जगत्मा गम्भीर असर पुगेको बताउनुभयो । त्यस्तो असरलाई घटाउने र अनुकूलन योजना बनाएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोष र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको सहयोगमा आयोजित उक्त संवाद कार्यक्रममा गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालयका निमित्त सचिव पुर्णेश्वर सुवेदी, हिमाल बचाऊ अभियानकर्मी डिबी नेपाली, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रवीन कडरियाले जलवायु परिवर्तनका असरबारे धारणा राख्नुभएको थियो ।

## आउदो आर्थिक बर्षदेखि पोखरामा पर्यटकको तथ्याङ्क संकलन गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

आउँदो आर्थिक बर्ष २०८२/०८३ बाट पोखरामा आउने विदेशी पर्यटकको तथ्याङ्क संकलन गरिने भएको छ ।

पर्यटनको राजधानी घोषणा भएको १६ महिना पछि गण्डकी प्रदेश सरकारले विभिन्न निकायसंगको सहकार्यमा पोखरा आउने पर्यटकको तथ्याङ्क संकलन गर्ने भएको गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्रालयका सचिव इन्द्रप्रसाद बस्यालले बताउनु भयो । गण्डकी प्रदेशको मुख्य तीन वटा नाका रामदी, आवुखैरेनी र त्रिवेणीमा विदेशी पर्यटकहरू गण्डकी प्रदेशमा प्रवेश गर्दा उहाँहरूको तथ्याङ्क सङ्कलन गर्ने वा अध्यावधिक गरिने

बाँकी अन्तिम पृष्ठमा ▶▶




## 'औद्योगिक विकासका लागि नीतिगत स्पष्टता र सुरक्षाको प्रत्याभूति आवश्यक'

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

पूर्वअर्थमन्त्री तथा गभर्नर डा युवराज खतिवडाले औद्योगिक विकासलाई अघि बढाउन नीतिगत स्पष्टता, पूर्वाधार निर्माण र सुरक्षाको प्रत्याभूति आवश्यक रहेको बताउनुभएको छ ।

लेखनाथ उद्योग वाणिज्य सङ्घको २९औं स्थापना दिवस तथा २८औं वार्षिकोत्सव समारोहका अवसरमा शनिबार आयोजित 'राष्ट्रिय अर्थतन्त्र र साना तथा मझौला उद्योग व्यवसायीका चुनौती तथा समाधान' कार्यक्रमको उद्घाटन गर्दै उहाँले वर्तमान परिस्थितिमा निराश हुनुपर्ने अवस्था नभएको स्पष्ट पार्नुभयो । सङ्घका अध्यक्ष विनोद श्रेष्ठले युवाशक्ति विदेशिने समस्याको समाधान रोजगार सृजना नै भएको बताउनुभयो । लेखनाथलाई प्रदेशस्तरीय औद्योगिक क्षेत्र तथा स्थायी सभाहलको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले पर्यटनको प्रचुर सम्भावना बोकेको यस क्षेत्रमा सङ्घीय सरकारले प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा डा इन्द्रप्रसाद तिवारीले व्यावसायिक दृष्टिकोण विकासमा नेतृत्व गरेका वर्गले साना व्यवसायीको हितमा काम गर्न सुझाव व्यक्त गर्नुभयो । धार्मिक, शैक्षिक तथा पर्यटकीय सम्भावना बोकेको लेखनाथ क्षेत्रको समुचित विकास आवश्यक रहेको उहाँको भनाइ छ । नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले आर्थिक मन्दीका बाबजुद पनि सङ्घका सदस्यहरू उत्पादनमा लागिरहेकामा प्रशंसा व्यक्त गर्नुभयो । सङ्घका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले संस्थाको भौतिक संरचना र सामाजिक रुपान्तरणमा सङ्घको भूमिका स्मरण गराउनुभयो ।

उहाँले २०७८ सालमा स्थापना गरिएको 'चन्द्रकृष्ण ज्येष्ठ नागरिक सेवा पुरस्कार' यस वर्ष पोखरेली नवरत्न मुकुन्द शरण उपाध्यायलाई प्रदान गरिने घोषणा गर्नुभयो । पुरस्कार राशि रु एक लाख एक हजार रहेको छ ।



# एक वर्षमै चार लाखभन्दा बढी सिप्लिकानका बिरुवा बिक्री

**पोखरापत्र संवाददाता**
गण्डकी, २० असार



तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित एक्ले खेतमा ॐ कृषि फार्मका सञ्चालक कविराज खनालले यस वर्ष मात्रै रु चार लाख ५० हजारको सिप्लिकानका बिरुवा बेच्नुभएको छ। विशेषगरी पहाडी क्षेत्रमा पाइने बहुऔषधीय गुणयुक्त यो वनस्पति देशका अधिकांश स्थानबाट हराउँदै गएको छ, तर खनालले भने विगत पाँच वर्षयता यसको व्यावसायिक खेती गरी आम्दानी गरिरहनुभएको छ।

परापूर्वकालदेखि नै च्यवन, गर्गजस्ता ऋषिमुनिहरूले यस वनस्पतिलाई शरीरको शुद्धीकरणसँगै ध्यानमा स्थिरता र दीर्घायु प्राप्तिका लागि उपयोग गर्ने गरेको विभिन्न ग्रन्थमा उल्लेख गरिएको पाइन्छ। लोपोन्मुख अवस्थामा रहेको यस वनस्पतिको संरक्षणसँगै पुस्तौँसम्म यसको उपयोग होस् भन्ने सोचका साथ व्यावसायिक खेती गर्न थालेको खनालले बताउनुभयो। कास्कीको रुपा, मादी, माछापुच्छ्रे, अन्नपूर्ण गाउँपालिका र तनहुँको शुक्लागण्डकी, भिमाद, बन्दीपुर, देवघाट आसपासका क्षेत्रहरू सिप्लिकान खेतीका लागि उपयुक्त रहेको बताउँदै उहाँले सङ्कटापन्न यस प्रजातिको वनस्पतिलाई संरक्षण गर्दै जनजनमा प्रयोग बढाउने उद्देश्य राखेको सुनाउनुभयो।

कोभिड-१९ महामारीपछि विगत पाँचदेखि आफू यस खेतीतर्फ लागेको खनालको भनाइ छ। "यसको व्यावसायिक खेती सुरु गरेको पाँच वर्षभन्दा बढी भयो। राम्रै उत्पादन भयरहेको छ। यस वर्ष मात्रै रु चार लाख ५० हजारको बिरुवा बिक्री भएको छ", उहाँले भन्नुभयो, "कास्कीको रुपा गाउँपालिकासहित देशका विभिन्न स्थानमा यहाँको बिरुवा पुग्ने गरेको छ। माग धान्नै सकेको छैन।" खनालले यस वर्ष मात्र नर्सरीमा १० हजार बिरुवा उत्पादन गरे पनि मागअनुसार अझै बिरुवा उत्पादन गर्न नसकिएको जानकारी दिनुभयो। छरछिमेक, इष्टमित्रलगायत कतिपय स्थानमा निःशुल्क बिरुवा प्रदान गर्ने गरेको उहाँले बताउनुभयो।

सिप्लिकानको प्रतिबिरुवा रु एक सयदेखि १५० सम्म बिक्री भइरहेको छ। पछिल्ला वर्षमा यसको माग अत्यधिक बढ्दो क्रममा छ। "पर्यावरणीय सन्तुलनसँगै यो वनस्पति स्वास्थ्यप्रद पनि छ। यसको महत्त्व प्रचारका साथै संरक्षण र विस्तार आवश्यक छ। यसका लागि राज्यले पनि साथ र सहयोग गर्नुपर्छ", खानालले भन्नुभयो। उच्च रक्तचाप, सुगर, जन्डिस र मिर्गौलामा हुने पत्थरीलगायतका रोगका लागि औषधिका रूपमा सिप्लिकानको प्रयोग गर्ने गरिन्छ। यसलाई तत्कालका लागि तरकारी र अचार तथा लामो समयका लागि गुन्द्रुक बनाएर पनि खान सकिन्छ। खनालले आफ्नो फार्ममा सिप्लिकानसँगै कुरिलोखेती पनि गर्दै आउनुभएको छ। यहाँको उत्पादन शुक्लागण्डकी नगरपालिका-१ र २ का साथै पोखरा नगरपालिका-३२ बाट पनि बिक्री भइरहेको छ। आफ्नो फार्मबाट वार्षिक २० देखि २५ हजार कुरिलोका बिरुवा बिक्री भइरहेका उहाँले जानकारी दिनुभयो।

स्वास्थ्यका लागि उपयोगी कुरिलोको टुसालाई तरकारीका रूपमा बढी प्रयोग गरिन्छ। कुरिलोमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन, फाइबर, क्याल्सियमसँगै अन्य विभिन्न पौष्टिक तत्व पाइने र बच्चादेखि वृद्धसम्म सबैका लागि उपयोगी हुने खनालको भनाइ छ। खनालले पछिल्लो समय फार्ममा आउने वा बुझ्न चाहने जो कोहीलाई कुरिलो, सिप्लिकानलगायत खेतीका प्रविधि, उपयोगिता र बजारीकरणलगायत विषयमा जानकारी गराउँदै आउनुभएको छ। उहाँको फार्म एउटा जीवन्त पाठशाला जस्तै बन्दै गएको छ। व्यावसायिक कृषिसँगै पत्रकारिता र शिक्षण पेसालाई सँगसँगै अघि बढाउनुभएका खनाल रेडियो नेपाल र आदर्श समाज राष्ट्रिय दैनिकमा संवाददाताका रूपमा समेत कार्यरत हुनुहुन्छ।

# कालीगण्डकीमा व्यावसायिक अकबरेखेती

**पोखरापत्र संवाददाता**
वालिङ, २० असार



स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका किसानले व्यावसायिक अकबरे खुर्सानीखेती सुरु गरेका छन्।

गाउँपालिका र हेफर परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा कालीगण्डकी कृषि तथा पशु उद्यमशीलता विकास परियोजनामार्फत गाउँपालिकाका सात वटै वडामा अकबरे खुर्सानीको व्यावसायिक खेती सुरु गरिएको हो। बजार मूल्य र माग राम्रो रहेकाले यसको व्यावसायिक उत्पादन गरी किसानको आर्थिकस्तर उकास्नका लागि अभियानले ठूलो महत्त्व राख्ने गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो। "कालीगण्डकी गाउँपालिकाभित्रका विभिन्न ठाउँमा ठूलो परिमाणमा अकबरे खुर्सानी उत्पादन हुँदैछ", उहाँले भन्नुभयो, "कृषकले उत्पादन गरेको खुर्सानीको बजारीकरणको जिम्मेवारी गाउँपालिकाले नै लिनेछौँ। यसले किसानलाई व्यावसायिक रूपमा खुर्सानी उत्पादनमा लाग्न थप प्रेरित गर्नेछ।" प्रतिकेजी अकबरेको बजार मूल्य न्यूनतम रु २२५ निर्धारण गरिएको छ। उत्पादन भएको समयमा बजारमा चलेको मूल्यका आधारमा थप गरिने जनाइएको छ। परियोजनामार्फत पालिकाका विभिन्न पाँच स्थानका नर्सरीबाट बेर्ना उत्पादन गरी किसानलाई निःशुल्क उपलब्ध गराइएको परियोजनाका बजार सहजकर्ता मुक्ति पाण्डेले जानकारी दिनुभयो।

समग्रमा एक लाख ८३ हजार ३०० वटा बेर्ना १३० भन्दा बढी किसानलाई निःशुल्क वितरण गरिएको उहाँले बताउनुभयो। "यहाँका कृषकलाई निःशुल्क रूपमा बेर्ना, मल्चिङ प्लास्टिक र निःशुल्क प्राविधिक सहयोग उपलब्ध गराएका छौँ", सहजकर्ता पाण्डेले भन्नुभयो, "भर्खरै-भर्खरै कृषकले बेर्ना लगाउनुभएको छ, आगामी दसैँसम्ममा उत्पादन लिन सकिन्छ।" कालीगण्डकी-१ किपटका पृथ सिञ्जाली मगरले यसपटक १० रोपनी क्षेत्रफलमा आठ हजार अकबरेका बेर्ना लगाएको बताउनुभयो। गाउँपालिकाबाट बेर्ना, मल्चिङ प्लास्टिक र प्राविधिक सहयोग निःशुल्क पाएपछि व्यावसायिक खेती सुरु गरेको उहाँको भनाइ छ। "सिँचाइका लागि पर्याप्त पानीको सुविधा नभए पनि यहाँ ठूला बारीका पाट छन्", उहाँले भन्नुभयो, "बाउबाजेको पालादेखि नै रैथाने बाली तथा मुख्यगरी मकै लगाइँदै आएको भए पनि यसपटक व्यावसायिक रूपमा अकबरेखेती सुरु गरेको हुँ।" अकबरे खुर्सानीको बजार मूल्य राम्रो रहेको र उत्पादन पनि छिटो हुने भएकाले मकैखेतीलाई विस्थापित गरी अकबरेको व्यावसायिक खेती सुरु गरेको सिञ्जाली मगरले बताउनुभयो।

विगतमा घरायसी प्रयोजनका लागि लगाइएको अकबरे खुर्सानीको उत्पादन राम्रो भएकाले पनि व्यावसायिक उत्पादनका लागि सहज भएको उहाँको धारणा छ। "हामीले उत्पादन गरेको खुर्सानीको अहिले नै न्यूनतम मूल्य तोकिएको छ भने बजारीकरण पनि गाउँपालिकाले गरिदिने भएपछि बजार खोज्नुपर्ने झन्झट कृषकलाई नहुने भो। त्यसैले पनि हामी उत्साहित छौँ", सिञ्जाली मगरको भनाइ छ।

# आउदो

उहाँले बताउनु भयो। पोखराका पर्यटन व्यवसायीहरूको छाता संस्था पोखरा पूर्वअर्थमन्त्री तथा गभर्नर डा युवराज खतिवडाले औद्योगिक विकासलाई अघि बढाउन नीतिगत स्पष्टता, पूर्वाधार निर्माण र सुरक्षाको प्रत्याभूति आवश्यक रहेको बताउनुभएको छ।

लेखनाथ उद्योग वाणिज्य सङ्घको २९औँ स्थापना दिवस तथा २८औँ वार्षिकोत्सव समारोहका अवसरमा शनिबार आयोजित 'राष्ट्रिय अर्थतन्त्र र साना तथा मझौला उद्योग व्यवसायीका चुनौती तथा समाधान' कार्यक्रमको उद्घाटन गर्दै उहाँले वर्तमान परिस्थितिमा निराश हुनुपर्ने अवस्था नभएको स्पष्ट पार्नुभयो। सङ्घका अध्यक्ष विनोद श्रेष्ठले युवाशक्ति विदेशिने समस्याको समाधान रोजगार सृजना नै भएको बताउनुभयो।

लेखनाथलाई प्रदेशस्तरीय औद्योगिक क्षेत्र तथा स्थायी सभाहलको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले पर्यटनको प्रचुर सम्भावना बोकेको यस क्षेत्रमा सङ्घीय सरकारले प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो। गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा डा इन्द्रप्रसाद तिवारीले व्यावसायिक दृष्टिकोण विकासमा नेतृत्व गरेका वर्गले साना व्यवसायीको हितमा काम गर्न सुझाव व्यक्त गर्नुभयो। धार्मिक, शैक्षिक तथा पर्यटकीय सम्भावना बोकेको लेखनाथ क्षेत्रको समुचित विकास आवश्यक रहेको उहाँको भनाइ छ। नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले आर्थिक मन्दीका बाबजुद पनि सङ्घका सदस्यहरू उत्पादनमा लागिरहेकामा प्रशंसा व्यक्त गर्नुभयो। सङ्घका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले संस्थाको भौतिक संरचना र सामाजिक रुपान्तरणमा सङ्घको भूमिका स्मरण गराउनुभयो।

उहाँले २०७८ सालमा स्थापना गरिएको 'चन्द्रकृष्ण ज्येष्ठ नागरिक सेवा पुरस्कार' यस वर्ष पोखरेली नवरत्न मुकुन्द शरण उपाध्यायलाई प्रदान गरिने घोषणा गर्नुभयो। पुरस्कार राशि रु एक लाख एक हजार रहेको छ।

# पोखराका कोइराला रोटरीका १८औं गभर्नर

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार




रोटरीकै इतिहासमा राजधानीबाहिर पोखरामा पहिलोपल्ट डिष्ट्रिक्ट गभर्नर पदस्थापन समारोह भएको छ। सो अवसरमा एकैपटक १६० रोटरी क्लबहरुका अध्यक्षको समेत पदस्थापन भयो। रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ (नेपाल-भुटान) मा वर्ष २०२५/०२६ का लागि डिष्ट्रिक्ट गभर्नर विनोद कोइरालाको पदस्थापन भएको हो। रोटरी क्लब अफ पोखरा फिस्टेलका पूर्वअध्यक्ष पोखरेली विनोद कोइराला रोटरीका १८ औं गभर्नर बनेका छन्। उनको १ वर्षे कार्यकाल १ जुलाईदेखि सुरु भएको छ। पाँचतारे होटल ग्राण्डमा मंगलबार आयोजित समारोहमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मी समेतको उपस्थितिमा डिष्ट्रिक्ट गभर्नर राजेन्द्रमान शेरचनले पद हस्तान्तरण गरे।

रोटरी ठमेल काठमाडौंका शेरचनले डिष्ट्रिक्ट गभर्नर कोइरालाको होम क्लब पोखरा फिस्टेललाई गभर्नर क्लबको ब्यानर हस्तान्तरण गरे। सो ब्यानर रोटरी फिस्टेलका वर्ष २०२५-२०६ का अध्यक्ष कमला गिरीसमेतले ग्रहण गरे।

होम क्लबकै पूर्व अध्यक्ष कोइराला डिष्ट्रिक्ट गभर्नर बनेकोमा रोटरी फिस्टेल परिवारसहित सिंगो पोखरेलीहरुमा खुसीयाली छाएको थियो। उनीहरुले गभर्नर कोइरालालाई भव्य सम्मानसमेत गरे। समारोहमा पोखराका मेयर धनराज आचार्य, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष मुल्मीलगायतले रोटरीको महत्वमाथि प्रकाश पार्दै डिष्ट्रिक्ट गभर्नरको सफल कार्यकालको शुभकामना दिए। गभर्नर कोइरालाले आफ्नो कार्यकालका गर्ने योजनाहरु सुनाए। उनका अनुसार शिक्षातर्फ विद्यालयमा कम्प्युटर ल्याब निर्माण गर्ने, शिक्षकलाई तालिम दिने, छात्रवृत्ति प्रदान गर्ने, छात्राका लागि ५० वटा ट्वाइलेट निर्माण गर्नेलगायत छन्। यस्तै, २ हजार जनाको मोतियाबिन्दुको निःशुल्क सर्जरी गरिदिने, १ हजार ह्वील चेयर वितरण, हातखुट्टा नभई अपांगता भएकालाई ३६५ कृत्रिम हातखुट्टा वितरण, वातावरण क्षेत्रतर्फ ५० हजार बिरुवा रोप्ने, १० हजार इन्डक्सन चुलो वितरण, स्वास्थ्य सामग्री वितरण लगायत कार्यक्रम रहेको बताए। उनले यस वर्ष २० लाख राशिको गोपाल कमला राजभण्डारी रोटरी भोकेशनल एक्सिलेन्सी अवार्ड प्रदान गरिने बताए। वाटर एण्ड सेनिटेसनमा काम गर्ने १ जनालाई उक्त राशिको पुरस्कार प्रदान गरिनेछ। यस्तै, पत्रकारिता अवार्डसहित १ लाख राशिको रोटरी क्लब तथा रोट्र्याक्टका लागि डा. सुनिति तथा डा. गोपाल आचार्य रोटरी क्लब अवार्ड पनि प्रदान गरिनेछ। कार्यक्रम संचालन डिष्ट्रिक्ट सेक्रेटरी सुभाष सिग्देलले गरेका थिए भने धन्यवाद ज्ञापन पदस्थापन कार्यक्रमका संयोजक महेश्वर पहारीले गरे। स्वागत डिजिई विष्णु बि. कार्कीले गरे।

सो अवसरमा रोटरीको डिष्ट्रिक्टडाइरेक्ट्रीसमेतलोकार्पण गरियो। आगामी फागुनमा पर्यटकीय राजधानी पोखरामा रोटरीको डिष्ट्रिक्ट कन्फरेन्स गर्ने जनाइएको छ। सोको लागि ६५ जनाले नाम दर्ता गरिसकेको रोटरी फिस्टेलका अध्यक्ष कमला गिरीले जानकारी दिइन्।


लिटिल स्टेप माध्यमिक विद्यालय
Little Step Secondary School
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
विगत चार दशकदेखि गण्डकी प्रदेश कै उत्कृष्ट विद्यालयहरुमा पर्न सफल यस लिटिल स्टेप मावि मा कक्षा ११ Science तथा Management (Hotel Management | Computer Science) मा भर्ना खुल्या।



भर्ना फाराम वितरण भइरहेको छ।
प्रवेश परीक्षा: २०८२ असार २४ गते
समय: ११:३० बजे।
सिमलचौर, पोखरा - ८
०६१-५७५०१३, ५५२७९६

यही परिसरमा अवस्थित:
Pokhara Lincoln International College
अन्तर्गत MBA, BBA, BHM र BCS.IT मा भर्नाका लागि सम्पर्क
०६१-५८१९६४



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# निस्सिम थापाको जन्म स्मृति सभा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार



पाइलट निस्सिम थापाको जन्म दिनको अवसरमा निस्सिम थापा फाउन्डेसनले पोखरा रङ्गशाला हाताभित्र रहेको निस्सिम थापा स्मृति पार्कमा स्मृतिसभा तथा लामा गुरुद्वारा पूजा अर्चना कार्यक्रम शुक्रबार सम्पन्न गरेको छ।

कार्यक्रमको सन्चालन संस्थाका तर्फबाट सचिव श्री रीता पौडेलले गर्नुभएको थियो भने कार्यक्रममा अतिथिको रुपमा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख श्री सुन बहादुर लामाले आतिथ्यता ग्रहण गर्नुका साथै आफ्नो मन्तव्य समेत राख्नुभएको थियो। मन्तव्यका क्रममा वहाँले निस्सिम थापा स्मृति पार्कको सरसफाई तथा संरक्षणका लागि आफ्नो संस्थाको तर्फबाट सधैँ सहयोग गर्ने प्रतिवद्दता व्यक्त गर्नु भएको थियो। कार्यक्रममा फाउन्डेसनका कार्यसमितिको तर्फबाट पदाधिकारीहरु राजु बहादुर थापा, सागर क्षेत्री, प्रदीप पौडेल, सुरज थापा, तथा विशेष उपस्थितिको रुपमा संस्थाका सल्लाहकार शोभादेवी मोक्तान तथा सदस्य संगीता मोक्तानको उपस्थिति रहनुका साथै शर्मिला गुरुङ, मलिका गुरुङ लगायत अन्य साधारण सदस्यहरु उपस्थित रहनुभएको थियो। त्यसै गरी फाउन्डेसनका अध्यक्ष प्रकाश थापाले मन्तव्य राख्दै पाइलट निस्सिम थापाले प्याराग्लाइडिङ विधामा राष्ट्रिय तथा अन्तर ीष्ट्रिय क्षेत्रमा पुर्याउनुभएको योगदानको बारेमा प्रकाश पार्नु भएको थियो। साथै निस्सिमप्रति वास्तविक सम्मान प्रकट गर्नका लागि निकट भविष्यमानै उनको योगदान तथा उनको जीवनी समेत समेटी फाउन्डेसनको तर्फबाट पुस्तक प्रकाशन गर्ने प्रतिवद्दता प्रकट गर्नुभएको थियो। त्यसै गरी मन्तव्यकै क्रममा पाइलट निस्सिम थापाको दुर्घटनामा नेफा (तत्कालीन नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ एशोसियसन) का तर्फबाट गम्भीर लापरवाहीपूर्ण तथा गैरकानूनी रुपमा प्रतियोगिता सन्चालन गरेका कारण उक्त दुर्घटना हुन पुगेको र न्यायालयमा उनको फाइल पेन्डिङमा रहिरहेकोले उनले वास्तविक न्याय नपाएको बारेमा प्रष्ट पार्नुभएको थियो। नेफा नामक संस्थाका तत्कालीन पदाधिकारीहरुले प्याराग्लाइडिङको विकासको लागि नभई पैसाको फाइदाको लागि हतारमा एवम् सुरक्षा प्रबन्ध बिनानै प्रतियोगिता गराएकोले उक्त दुर्घटना भएको बताउनु भयो।

साथै नेफा संस्था मूलतः प्याराग्लाइडिङ अर्थात् उड्डयन् विधासँग सम्बन्धित रहेकोले यसको दर्ता पर्यटन मन्त्रालयमा हुनुपर्नेमा उक्त संस्था राष्ट्रिय खेलकुद परिषदमा दर्ता गरिनु नै नियमसम्मत नभएको बारेमा समेत स्पष्ट पार्नुभयो। कार्यक्रमको समापन पश्चात् निस्सिमथापा एजुकेसन स्कुल अमरसिँहका कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीहरुले समेत निस्सिम थापा स्मृतिपार्कको अवलोकन भ्रमण गरेका थिए।

साथै निस्सिम थापा एजुकेसन स्कुल अमरसिँहमा निस्सिम थापाको जन्म दिनको अवसरमा विशेष कार्यक्रम समेत आयोजना गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरुले निस्सिम थापाको सम्मानमा गीत तथा नृत्य आयोजना गरेका थिए । निस्सिम थापा एजुकेसन स्कुलको नयाँ नाम सहितको लोगो तथा बोर्डको उद्घाटन संस्थाका निर्देशक प्रकाश थापा तथा प्रिन्सिपल सावित्री थापाले गर्नुभएको थियो। स्कुलको तर्फबाट सन्चालित उक्त कार्यक्रमको सन्चालन संस्थाकी कोअर्डिनेटर शुसाङ्ग थापाले गर्नुभएको थियो भने शिक्षिका दिलज्योति गुरुङले पाइलट निस्सिम थापाको सम्झनामा कविता वाचन समेत गर्नुभएको थियो।

# कोपिला नेपालको मनोविमर्श तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशील कोपिला नेपालले आयोजना गरेको १४ औं मनोसामाजिक, मनोविमर्श तालिम सम्पन्न भएको छ।

तालिममा सहभागी १३ जनालाई प्रादेशिक स्वास्थ्य तालिम केन्द्रका प्रमुख विनोद विन्दु शर्मा, स्वास्थ्य मन्त्रालयका डा रमेश केसी, प्रदेश स्वास्थ्य निर्देशनालयका रमेश अधिकारी, कोपिला नेपालका अध्यक्ष लक्ष्मी शाही लगायतले सहभागीलाई प्रमाणपत्र वितरण गर्नुभयो। कार्यक्रममा बोल्दै प्रादेशिक स्वास्थ्य तालिम केन्द्रका प्रमुख विनोद विन्दु शर्माले महिला र बालबालिकाको क्षेत्रमा कोपिला नेपालले पुर्याएको योगदानको प्रशंसा गर्नुभयो। कार्यक्रममा प्रदेश स्वास्थ्य मन्त्रालयमका डा रमेश के शि, प्रदेश स्वास्थ्य निर्देशनालयका रमेश अधिकारी, जिल्ला स्वास्थ्य कार्यालयका राम नेपाली, पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडल, प्रहरी निरीक्षक सरला ढकाल, ओ सि एन सिका शुशिला गुरुङ लगायतकाले बोल्नुभएको थियो। पवित्रा बाँस्तोलाले सहजीकरण गर्नुभएको तालिममा १२ जना प्रशिक्षकले प्रशिक्षण दिनु भएको थियो। अध्यक्ष लक्ष्मी शाहीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत पुर्व अध्यक्ष विना सिलवाल र कोपिला नेपालका बारेमा पुर्व अध्यक्ष प्रकाश वाग्लेले जानकारी गराउनु भएको थियो। तालिममा सहभागीको सुपर भिजन लक्ष्मी गुरुङ, रमा घिमिरे, सावित्री भट्टराई लगायतले गर्नु भएको थियो।

# मगर खाम भाषा संरक्षणका लागि प्रशिक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० असार

रघुगङ्गा गाउँपालिकामा मगर खाम भाषा संरक्षणका लागि प्रशिक्षण सञ्चालन गरिएको छ। मगर समुदायको बाहुल्यता रहेको रघुगङ्गा-१ बेग, बादुक र तिप्ल्याङ तथा वडा नं ५ झिँमा एक महिनासम्म सञ्चालन भएको भाषा प्रशिक्षण आज सम्पन्न भएको हो। रघुगङ्गा गाउँपालिकाको सहयोगमा पुनमगर समाज रघुगङ्गा एकाइले भाषा प्रशिक्षण कार्यक्रम आयोजना गरेको हो। पुनमगर समाज रघुगङ्गाकी अध्यक्ष टीका पुर्जा पुनले भाषा संरक्षण गरी बोलीचालीमा प्रयोगमा ल्याउने उद्देश्यले शिक्षक, जनप्रतिनिधि, राजनीतिकर्मी, युवा क्लब, आमा समूह र अगुवाहरूलाई प्रशिक्षण दिइएको जानकारी दिनुभयो। "पालिकाले रु पाँच लाख बजेट विनियोजन थियो।

प्रशिक्षणमा ८५ जनालाई सहभागी गराउने लक्ष्य भए पनि दुई सयभन्दा बढी सहभागी हुनुभयो", उहाँले भन्नुभयो, "हामीले बोलीचाली, साइनो लगाउँदा प्रयोग गर्ने शब्दहरू मगर भाषाकै रहेछन् भन्ने प्रशिक्षणमा सहभागी भएपछि थाहा पाइयो।" रोल्पाका इरझासी झाँत्री, राकेश बुढा, पुर्वीरुकुमका अमृत बुढा र धनप्रताप घर्तीमगर खाम भाषा सिकाउन आउनुभएको थियो। उहाँहरूले खाम भाषाका साथै मगर पहिचान, संस्कार, संस्कृति, वेशभूषा, इतिहासलगायत विविध विषयमा प्रशिक्षण दिनुभएको अध्यक्ष पुर्जाले बताउनुभयो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखरा इन्जिनियरिङ कलेजमा विद्यार्थीको विदाई तथा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

पोखरा इञ्जिनियरिङ कलेज (पीईसी) मा विद्यार्थीको बिदाई तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ।

पोखरा- ८ फिर्केस्थित पोखरा इञ्जिनियरिङ कलेजले चार वर्षे वि.ई सिभिल, बी.ई. कम्प्युटर र पाँच वर्षे बि.आर्किटेक्चर विषयको अध्ययन पूरा गरेका विद्यार्थीहरुको विदाई तथा उत्कृष्ट विद्यार्थी सम्मान गरेको हो।



विदाई कार्यक्रममा प्रमुख अतिथि प्रदेश नीति तथा योजना आयोग गण्डकीका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाले सिप र ज्ञान हाँसिल गरेका विद्यार्थीहरुको पहिलो रोजाई स्वदेश नै हुनुपर्ने बताए। देशमा दक्ष जनशक्तिको खाँचो रहेका बताएका उनले इन्जिनियरिङ विधामा स्नातक सकेका विद्यार्थीका लागि विश्व बजारमा नै अवसर खुलेपनि स्वदेशमा नै केही गर्ने सोच राख्नुपर्ने धारणा राखे। उनले इन्जिनियरहरु प्रशासनीक क्षेत्रमा प्रवेश गर्ने हो भने देशले नयाँ ढंगले फड्को मार्नसक्ने उल्लेख गरे। कार्यक्रममा कलेजका प्रिन्सिपल ई. सोम गुरुङले विदाई भएर जाँदै गरेका विद्यार्थीहरुको उज्वल भविश्यको कामना गरे। अबका दिनहरुमा अवसरका ढोकाहरु खुल्दै जाने उनले बताए। उनले प्राप्त उपलब्धीलाईजिम्मेवारीपूर्णढंगले सम्पादन गर्न आग्रह गरे। कलेजका संस्थापक डाइरेक्टर अम्मर गुरुङले कलेजमा रहँदा सिकेको सिप र ज्ञानलाई आफ्नो जीवनमा उतार्न र उपयोग गर्दै सेवाप्रवाहमा लाग्न विद्यार्थीहरुलाई आग्रह गरे। विद्यार्थीको पोर्टफोलियो बनेको चर्चा गरेका उनले त्यसलाई सहिढंगले उपयोग गर्नुपर्नेमा जोड दिए। बिदाई कार्यक्रममा स्वतन्त्र विद्यार्थी परिषदका पूर्व सचिव निलम डुम्रेले शुभकामना दिएका थिए भने, विद्यार्थीको तर्फबाट सिभिल इन्जिनियरिङ सातौं समेस्टरका विद्यार्थी अभिनास सुवेदीले स्वागत, विदाई भएका विद्यार्थी सिभिल इन्जिनियरिङ आठौं सेमेस्टरका सुरोज पौडेलले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सञ्चालन रोशनी केसी र सुजिता शर्माले गरेका थिए। कलेजका प्रशासन प्रमुख चिजकाजी गुरुङका अनुसार सिभिल इन्जिनियरिङ तर्फका ८१ जना, कम्युटर इन्जिनियरिङ तर्फका २५ जना, बी.आर्किटेक तर्फका २१ जना गरेर स्नातक तह सकेका १२७ जनालाई विदाई गरिएको हो। विदाई भएका मध्ये ३.९ एसजीपीए देखि ४ एसजीपीए ल्याउने विद्यार्थीलाई सम्मान गरिएको थियो। २३ जनाले चार एसजीपीए ल्याएका उनले जानकारी दिए। विदाई भएका सबै विद्यार्थीलाई मायाँको चिनो प्रदान गरिएको छ। प्रशासक गुरुङका अनुसार पोखरा इन्जिनियरिङ कलेजले हालसम्म २ हजार भन्दा बढी इन्जिनियर उत्पादन गरिसकेको छ भने, एमएसी इन कन्स्ट्रक्सन म्यानेजमेन्ट तर्फ २५० हाराहारीमा पास आउट भइसकेका छन्।

# नौ वर्षमा टुङ्गियो गाउँपालिकाको केन्द्र

**पोखरापत्र संवाददाता**
बागलुङ, २० असार

विसं २०७३ मा स्थापना भएको काठेखोला गाउँपालिकाले स्थापनाको नौ वर्षपछि सर्वसम्मत रूपमै गाउँपालिकाको केन्द्र टुङ्ग्याएको छ। काठेखोला गाउँपालिकाका सबै राजनीतिक दलको सहमतिपश्चात बसेको १७औँ गाउँसभाको तेस्रो बैठकले सर्वसम्मत रूपमा पालिकाको भवन बनाउने स्थानको टुङ्गो लगाएको हो।

बागलुङका १० पालिकामध्ये नौ पालिका आफ्नै भवनमा रहँदा बागलुङको काठेखोला गाउँपालिकाको केन्द्र विवादले गर्दा प्रशासकीय भवन निर्माण हुनसकेको थिएन। भवनका निर्माणका लागि स्थान छनोटमा सहमति नजुट्दा अहिलेसम्म गाउँपालिका भाडाकै घरमा सञ्चालनमा हुँदै आएको छ। काठेखोला गाउँपालिका-२ अक्षते र वडा नं ६ को सुल्डाँडा स्थानीय जग्गा उपलब्ध गराउन राजी भए पनि निर्वाचित जनप्रतिनिधिको मत बाँझिदा समस्या भएको थियो। यही असार १० गते १७औँ गाउँसभाको दोस्रो बैठकमा पालिकाको केन्द्र टुङ्ग्याएर भवन बनाउने विषयमा मतदानसमेत भएको थियो। मतदानका क्रममा समेत अक्षते र सुलल्डाँडा कुनै पनि ठाउँका लागि दुईतिहाइ मत प्राप्त हुन सकेन। अक्षतेमा प्रशासकीय भवन निर्माण गर्न १५ जना र सुल्डाँडामा बनाउनुपर्छ भन्ने पक्षमा २५ मत परेको थियो। ४३ जना कार्यपालिका रहेको काठेखोलामा दुई जना अनुपस्थित थिए। बहुमत नपुगेपछि असार १८ गते सर्वदलीय बैठक बसेर पालिकाको प्रशासनिक केन्द्र अछेते र सुल्डाँडालाई मान्ने र पालिकाको भवन काठेखोला गाउँपालिका-६ स्थित आमपाटामा निर्माण गर्ने सहमतिपश्चात बिहीबार बसेको १७औँ गाउँसभामा सर्वसम्मत रूपमा पास भएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो। "स्थापनाको नौ वर्षमा गाउँपालिकाको भवन निर्माण गर्ने स्थानको टुङ्गो लागेको छ, आमपाटामा स्थानीयले छ रोपनी जग्गा निःशुल्क प्रदान गरेका छन्, आगामी वर्ष पालिकाको भवन निर्माण गर्न थालिन्छ", अध्यक्ष थापाले भन्नुभयो, "राजनीतिक दलको एकताका कारण निर्वाचनपछि समेत नटुङ्गिएको भवन निर्माणस्थल सर्वसम्मतिमा टुङ्गो लागेको हो, पालिकाले अहिले मासिक रु ६० हजार तिरेर सुल्डाँडाबाट सेवा दिँदै आएको छ।" गाउँपालिकाले सुल्डाँडाका आधा दर्जन घर भाडामा लिएर कार्यालय सञ्चालन गर्दै आएको छ। पालिकाको आफ्नै भवन नहुँदा हरेक वर्ष रु सात लाख बढी घरभाडा तिर्दै आएको छ। बागलुङका अन्य नौ पालिकाले आफ्नै भवन बनाइसकेका छन्।

# ओखरबोटको तामाखानी उत्खननका लागि अध्ययन सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० असार

म्याग्दीको मालिका गाउँपालिकामा रहेको ओखरबोटको तामाखानी उत्खननका लागि अध्ययन सुरु भएको छ। खानी तथा भूगर्भ विभागबाट अनुमति पाएको कम्पनी एम/एस दोड्यी मिनरल्स प्रालिले तामाखानीको खोजतलास तथा उत्खननका लागि पहिलो चरणमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्न लागेको हो। मालिका गाउँपालिका-३ र ४ को सिमानामा तामाखानी छ।

मालिका गाउँपालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाथोकीका अनुसार भूगर्भविद्हरुको टोलीले खानीमा तामाको मात्रा पहिचान र उत्खननका क्रममा हुनसक्ने वातावरणीय प्रभाव तथा त्यसको असर न्यूनीकरणका उपायका विषयमा अध्ययन गर्नेछ। प्रभावित क्षेत्रका बासिन्दाहरुको सुझाव सङ्कलनका लागि कम्पनीले गत हप्ता ओखरबोटमा सार्वजनिक सुनुवाइ गरेको थियो। कम्पनीले मङ्गलबार सात दिने सार्वजनिक सूचना पनि जारी गरेर प्रभावित क्षेत्रका बासिन्दा तथा सङ्घसंस्थाबाट सुझाव माग गरेको छ। स्थानीयले खानी उत्खननका लागि अध्ययन थालिएकोमा खुसी व्यक्त गरेका छन्। वातावरणीय र विपद्जन्य घटना हुन नदिन सतर्कता अपनाउन तथा रोजगारीमा प्रभावितलाई प्राथमिकता दिन सुझाव दिएका छन्। स्थलगत अध्ययनका लागि आउनुभएका भूगर्वविद् रोनित पौडेलले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पारित भएपछि खानीमा तामाको खोज र अनुसन्धान गरिने बताउनुभयो। खानीको खोजतलास र सम्भाव्यता अध्ययन गरेपछि अर्को चरणमा उत्खननको प्रक्रिया अघि बढाइने उहाँको भनाइ छ। मालिका गाँउपालिका-३ का ७२ वर्षीय विसराम पटेलका अनुसार ओखरबोटको खानीबाट विसं २०२८ सम्म स्थानीय प्रविधिको प्रयोग गरी तामा निकाल्ने गरिन्थ्यो।

प्रविधिको अभाव र आम्दानीभन्दा बढी राज्यलाई कर तिर्नुपर्ने अवस्था आएपछि त्यसबेला तामाखानी बन्द भएको पटेलले बताउनुभयो। तामाखानीमा दैनिक दुई सयभन्दा बढी कामदर खटिनुका साथै प्रत्येक दिन सात/आठ धार्नीसम्म तामा निकाल्ने गरिएको पटेलको सम्झना छ। तामाखानीमा दुई वटा मुहान छन्। ती मुहानहरुको लम्बाइ दुई सय ५० देखि पाँच सय मिटरसम्म रहेको छ। यहाँ अझैसम्म पनि तामाका घाउ देख्न सकिन्छ। दुई सय मिटरभित्रसम्म जान सकिने तामाखानीको सुरुङ छन्।

# युवामा लगानी बढाउन र युवामैत्री शासन प्रवर्द्धनमा जोड

**रासस**
काठमाडौं, २० असार

युवामा लगानी बढाउन र युवामैत्री शासन प्रवर्द्धन गर्न युवाले जोड दिएका छन्।

सहभागीहरूले राष्ट्रिय युवा परिषद्को स्थापनासँगै २०७५ साल चैतको ३० गतेको कार्यकारी बैठकले समग्र विकासलाई सकारात्मक परिणाम दिन तीनै तहका शासन प्रक्रियामा युवाको अर्थपूर्ण संलग्नता आवश्यक प्रणालीमा जोड्न, उनीहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न तथा नीति कार्यक्रम बजेट र कार्यान्वयन युवालाई संलग्न गराउन माग गरेका छन्। नेपालको संविधान राष्ट्रिय युवा नीति युथ भिजन दिगो विकास लक्ष्य राष्ट्का योजना राष्ट्रिय अन्तरराष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनलाई जोड दिँदै युवा सहभागिता सुनिश्चित गर्ने उद्देश्यले युवामैत्री शासन प्रणालीको सुरुआत गरिएको जानकारी गराउँदै युवामैत्रीमा लगानी गर्न जोड दिइएको हो। राष्ट्रिय युवा परिषद् र जागृति बाल तथा युवा सरोकार नेपालको संयुक्त आयोजनामा काठमाडौँमा आयोजित छलफल कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक डा दीपेश घिमिरेले स्थानीय सरकारको नीति कार्यक्रम र बजेटमा युवा सहभागिता सुनिश्चित गर्न युवामैत्री स्थानीय शासन जरुरी रहेको बताउनुभयो। छ्यालिस सूचक भएको युवामैत्री शासनमा नीति निर्माण र कार्यान्वयनमा युवा संलग्नता सम्बन्धी १० वटा सूचक युवासँग सरोकारका विषयवस्तु सम्बन्धित २१ वटा सहभागिता र नेतृत्वसम्बन्धी सातवटा विशेष वर्ग तथा समुदायका युवासम्बन्धी आठ सूचक रहेको बताउँदै विभिन्न मन्त्रालय निकाय र निजी क्षेत्र सबैलाई समेटेर युवामैत्री शासन प्रवर्द्धन गर्न सकिने सहभागीले बताएका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ वडा कार्यालयदेखि माथि घरहरा जाने ऐतिहासिक सिढीबाटो स्तरोन्नती कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः वडा कार्यालयदेखि माथि धरहरा जाने ऐतिहासिक सिढी बाटो स्तरोन्नती
ठेगानाः पोखरा-११
योजना शुरु हुने मितिः २०८२/०१/२५ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागतः रु. ५,८८,२३५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८८,२३५।-
उपभोक्ता समिति अध्यक्षः नारायण बास्तोला
सम्पर्क नं.ः ९८५६०४२३०१
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**वडा कार्यालयदेखि माथि धरहरा जाने ऐतिहासिक सिढी बाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-११**

# किवीखेतीमार्फत गाउँकै भविष्य खोज्दै युवा

**कमल खत्री**
म्याग्दी, २० असार/रासस

बेनी नगरपालिका-३ भकिम्लीमा एक दशकअघि परीक्षणका रुपमा गरिएको किवीखेती अहिले पकेट क्षेत्रको रुपमा विस्तार भएको छ । विंस २०७२ मा पदमबहादुर पुन, लक्ष्मु पुन र पृथ्वीप्रसाद पुनले काठमाडौँबाट ५० बोट किवीका बिरुवा ल्याएर परीक्षणका रुपमा खेती गर्नुभएको थियो । तत्कालीन समयमा लगाएका बोटले छ वर्षपछि फल दिन थालेपछि स्थानीय किवीखेतीमा आकर्षित भएका हुन् ।

विंस २०७४ मा वडा कार्यालयले 'एक घर पाँच किवी' का बिरुवा लगाउने अभियान सञ्चालन गरेपछि वडामा किवीखेतीको लहर चलेको थियो । किवीखेती सुरु भएको एक दशकमा वडामा करिब चार सय रोपनीमा किवीखेती विस्तार भएको छ । भकिम्ली, चिनाखेत, डाँडाखानी, छाप, सिम, मट्केना, भुकभुके, डोले, मुसुङ गाउँमा किवीको व्यावसायिक खेती विस्तार भएको वडाध्यक्ष पदमबहादुर पुनले बताउनुभयो । उहाँका अनुसार, भकिम्लीमा अहिले कृषकहरुले पाँच हजार बढी किवीका बिरुवा लगाएका छन् । "किवीलाई स्थानीयले प्रमुख खेतीकै रुपमा अघि बढाएका छन्, वडा र नगरपालिकामार्फत किसानलाई किवीका बिरुवा, पोल, तार र सिँचाइमा अनुदान उपलब्ध हुँदै आएको छ, खेतीयोग्य जमिनमा खाद्यबालीको विकल्पमा किवीखेती विस्तार गर्ने अभियान नै चलेको छ", वडाध्यक्ष पुनले भन्नुभयो । वडाभित्र सामूहिक र व्यक्तिगत रुपमा फर्म दर्ता गरेर किसानहरु गाउँलाई किवी गाउँको रुपमा विकास गर्ने प्रयासमा लागि परेका छन् । भकिम्लीमा बेलढुङ्गा किसान समूहले मात्रै एक हजार दुई सय वटा किवीका बोट लगाएको छ । किवीखेतीको अगुवा किसानको रुपमा परिचित लालबहादुर पुनले तीन सय, लक्ष्मु पुनले दुई सय ५०, लालबहादुर घर्तीले दुर्य सय ५० बोट किबी लगाउनुभएको छ । गाउँका युवाहरुले परम्परागत कोदो, मकै फल्ने बारीमा समेत किवीखेती सुरु गरेका छन् । वडामा हाल ५० भन्दा बढी किसान किवीखेतीमा छन् ।

किवीखेतीको लहर चलेपछि भकिम्लीमा किवी



पकेट क्षेत्र विस्तार गरिएको बेनी नगरपालिकाका कृषि अधिकृत आकृति ढुङ्गानाले बताउनुभयो । चालु आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाबाट विनियोजन भएको रु १२ लाख बजेटलाई कृषकको ५० प्रतिशत लागत साझेदारीमा किवी पकेट क्षेत्र विस्तारमा परिचालन गरिएको कृषि अधिकृत ढुङ्गानाले बताउनुभयो ।

"विगतका वर्षमा यस क्षेत्रमा फलफूलखेती प्रवर्द्धन कार्यक्रममार्फत किवीखेती विस्तारमानगरपालिकालेसघाएको थियो, यसवर्ष किवी पकेट क्षेत्र विस्तार कार्यक्रम नै सञ्चालन गरेका छौँ, नयाँ बगैँचा स्थापना र व्यवस्थापनमा नगरपालिका र कृषकको समेत गरी २४ लाखभन्दा बढी लगानीको काम गर्न सफल भएका छौँ, यसले सिङ्गो गाउँलाई किवीमय बनाउन सहयोग पुगेको छ", कृषि अधिकृत ढुङ्गानाले भन्नुभयो । किवी पकेट क्षेत्र कार्यक्रममार्फत यसवर्ष दुई सय ५० वटा नयाँ बोट रोपिएको छ । किवीका बोटलाई फैलाउनका लागि सात सय दुई वटा पोलसहित तार टाङ्गिएको छ भने सिँचाइका लागि सात वटा ड्रम वितरण गर्नुका साथै सिँचाइ पाइपसमेत वितरण गरिएको छ । किवीखेती विस्तारमा वडा कार्यालय, बेनी नगरपालिकाका साथै कृषि ज्ञान केन्द्रले सहयोग गर्दै आएका छन् । किवी पकेट क्षेत्र विस्तारले किसानमा किवीखेती विस्तारमा उत्साह छाएको वडा सदस्यसमेत रहनुभएका किसान रत्न जिसीले बताउनुभयो ।

**वैदेशिक रोजगारको विकल्पमा किवीखेती**

बेनी नगरपालिका- ३ भकिम्लीका युवा खिमबहादुर आले मगरले परम्परागत कोदो, मकैखेती हुँदै आएको आठ रोपनीमा किवीखेती सुरु गर्नुभएको छ । दुई वर्षदेखि किवीखेतीमा लाग्नुभएका मगरले ११० वटा बोट किवी लगाइसक्नुभएको छ । भकिम्लीको टिम्मरेडाँडामा रहेको बारीमा किवी लगाउनुभएकामगरलेआयआर्जनकालागि वैदेशिक रोजगारीमा जानुभन्दा आफ्नै गाउँमा व्यावसायिक किवी खेतीलाई रोजेको बताउनुभयो । "पैसा कमाउन विदेश नै जानुपर्छ भन्ने मान्यतालाई त्यागेर कृषि कर्ममा लागेको हुँ, आफ्नै गाउँको माटोमा पसिना बगाएर स्वरोगजार बन्ने मेरो सपना छ, अझै दुई रोपनी बारीमा किवी विस्तार गर्ने योजना बनाएको छु", उहाँले भन्नुभयो । मगरले यसवर्ष मात्रै बेनी नगरपालिकाको ५० प्रतिशत अनुदान सहयोगमा दुई सय दुई वटा पोल निर्माण गर्नुभएको छ । किवीखेतीको विस्तार र बगैँचा व्यवस्थापनमा यसवर्ष मात्रै रु छ लाख बराबरको काम गरेको उहाँले बताउनुभयो ।

भकिम्लीको मुसुङमा वैदेशिक रोजगारी त्यागेर किवीखेतीमा लाग्नुभएका किसान लालबहादुर घर्तीले सात रोपनीमा किवी लगाउनुभएको छ । "रोजगारको सिलसिलामा करिब १० वर्ष ओमन र साउदीमा बिताएँ, त्यहाँ बस्दा पनि घर खर्च चलाउनबाहेक थप आर्थिक उन्नति गर्न सकिएन, त्यसपछि स्वदेश फर्किएर किवीखेतीमा लागेको हुँ", घर्तीले भन्नुभयो । विसं २०७५ मा वडा कार्यालयले किवीखेतीसम्बन्धी तालिम र अभिमुखीकरण सञ्चालन गरेपछि यहाँका धेरैजसो युवाहरु किवीको व्यावसायिक खेतीमा आबद्ध भएका छन् ।

घर्तीको किवी फर्मबाट उत्पादनसमेत सुरु भइसकेको छ । गतवर्ष मात्रै रु ८० हजारको किबी बिक्री गर्नुभएका उहाँले १७ रोपनीमा किवीखेती विस्तार, बगैँचा स्थापना र व्यवस्थापनमा नगरपालिकाबाट पाएको सहयोगले आफूलाई उत्साहित बनाएको जानकारी दिनुभयो ।

पुनले तीन सय वटा किवीका बिरुवा रोपेकोमा अहिले एक सय ७० वटा बोटले फल दिन सुरु गरिसकेको छ । गतवर्ष रु तीन लाखको किवी बिक्री गर्नुभएका पुनले यसवर्ष बेनी नगरपालिकाको अनुदानमा ८४ वटा पोल र नयाँ बोटसमेत विस्तार गरेको जानकारी दिनुभयो ।

**उचित बजार व्यवस्थापनको चुनौती**

अनुकूल हावापानी र उचित खेतीयोग्य जमिनका कारण भकिम्लीमा किवीखेती विस्तार हुन थालेसँगै उचित बजार व्यवस्थापनको चुनौती देखिएको छ । गाउँमा उत्पादन नभएको किवी स्थानीय बजारमा खपत हुनसक्ने अवस्था नभएपछि बागलुङ, पोखरा, काठमाडौँलगायतका बजारमा पठाउन थालिएको छ ।

कात्तिकदेखि पुससम्ममा किवीको बजारीकरण गरिन्छ । गत वर्ष यहाँका कृषकहरुले प्रतिकिलो रु एक सय ८० मा किवी बिक्री गरेका थिए । सुरुवातका वर्षमा प्रतिकिलो रु दुई सय ५० सम्म मूल्य पाएका किसानले उत्पादन गरेको किवीको उत्पादन बढेसँगै उचित बजारको अभाव देखिन थालेको मुसुङका किसान लालबहादुर घर्तीले बताउनुभयो । किवी पकेट क्षेत्रका रुपमा विकास भइरहेको भकिम्लीमा बेनी नगरपालिकाले नयाँ बिरुवा विस्तार, पोल बनाउने र तार तान्ने तथा बगैँचा व्यवस्थापन र फलको गुणस्तर कायम गराउन अनुदान, तालिम र परामर्श सेवा उपलब्ध गराएको बेनी नगरपालिकाका उपमेयर ज्योति लामिछानेले बताउनुभयो । उहाँका अनुसार भकिम्लीको सिममा किवी भण्डारणका लागि गण्डकी प्रदेश सरकार, बेनी नगरपालिका र स्थानीयको लागत साझेदारीमा चिस्यान घर बनाउन सुरु गरिएको छ । नगरपालिकाले किसानलाई किवीबाट जुस बनाउने तालिम प्रदान गर्ने जनाएको छ ।

फलफूलको राजाको उपनामले परिचित किवी समुद्री सतहदेखि एक हजार पाँच सय मिटरको उचाइदेखि दुई हजार पाँच सय मिटरको उचाइसम्म खेती गरिन्छ । किवीको बोटमा तीन वर्षमा ५० देखि ७० किलोग्रामसम्म फल लाग्छ । अमिलो र गुलियो स्वाद पाइने किवीलाई खेती गर्न प्रतिआठ वटा पोथी बिरुवा बराबर एक वटा भाले बिरुवा लगाउनुपर्छ । लहरा भएर फैलिने किवी एक रोपनीमा १५ वटासम्म बिरुवा लगाउन सकिन्छ ।

# मिराई ग्लोबल एजुकेशन एण्ड भिसा सर्भिसेजको शाखा पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

अष्ट्रेलियाको ब्रीसवेन्जमा प्रधान कार्यालय रहेको मिराई ग्लोबल एजुकेशन एण्ड भिसा सर्भिसेजको नेपालका लागि पोखरा शाखा कार्यालयको एक समारोहका बीच शुक्रबार उद्घाटन भएको छ ।

हिसान कास्कीका अध्यक्ष दिवाकर जैशीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि जैशीले संस्थालाई पूर्ण सफलताको शुभकामना दिँदै आगामी दिनमा यस संस्था र संस्थामा अध्ययन गर्ने विद्यार्थीहरुको उज्ज्वल भविष्यको शुभकामना प्रदान गर्नुभयो । त्यसैगरी वैदेशिक उच्च शिक्षालाई सहज, गुणस्तरीय, सुरक्षित र विश्वसनीयताका साथ सेवा उपलब्ध गराउने प्रमुख उद्देश्य रहेको पोखरा शाखाका शाखा प्रबन्धक शेर बहादुर क्षेत्रीले बताउनुभयो । संस्थाका केन्द्रीय कार्यालय अष्ट्रेलियाबाट



आउनु भएका प्रमुख कार्यकारी अधिकृत उमेश खड्काले नेपाली विद्यार्थीलाई अष्ट्रेलिया, अमेरिका, क्यानडा, यू.के. लगायतका राष्ट्रहरुमा गुणस्तरीय तथा भरपर्दो शिक्षा रोजगारीको लागि समेत सहजीकरण उपलब्ध हुने विश्वास दिलाउनुभयो ।

त्यसैगरी कार्यक्रममा यस संस्थाका प्रमुख कार्यकारी अधिकृत समय खड्काले मिराई ग्लोबल एजुकेशन एण्ड भिसा सर्भिसेजलाई उत्कृष्ट सेवाप्रदायी शैक्षिक संस्थाका रुपमा स्थापित भएको जानकारी दिनुभयो ।

सो अवसरमा शैक्षिक तथा सामाजिक व्यक्तित्वहरुको उल्लेख्य उपस्थिति रहेको थियो । पोखरा ९ न्यूरोड स्थित सुरज रेस्टुरेण्टको बिल्डिङको दोस्रो तल्लामा पोखरा शाखाको कार्यालय रहेको छ ।

# विश्वकै ठूलो शालिग्राम शिला एक महिनादेखि डुवानमा

**पोखरापत्र संवाददाता**
पर्वत, २० असार

पर्वत, स्याङजा र गुल्मी जिल्लाको सङ्गमस्थलमा रहेको विश्वकै ठूलो शालिग्राम शिला विगत एक महिनायता डुवानमा परेको छ ।

मनसुन सुरु भएसँगै कालीगण्डकी नदीको सतह बढेका कारण शालिग्राम शिला डुवानमा पर्नुका साथै आसपासका संरचनासमेत भत्किएर जोखिममा परेको छ । शिलामा जाने बाटो, नजिकै रहेको सत्तल र परिक्रमास्थल डुविसकेको शालिग्राम विद्याश्रमका संरक्षक कुलराज तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार जेठ अन्तिम सातादेखिनै शालिग्राम शिला डुवानमा परेको हो । यतिबेला नियमित वर्षा भएकाले कालीगण्डकीमा पानीको सतह ह्वात्तै बढेको छ । शिला डुवानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितहरूसमेत विस्थापित बनेका छन् भने नियमित पूजापाठ र दर्शन गर्न आउने भक्तजनसमेत शालिग्राम शिला दर्शन गर्नबाट बञ्चित बनेका छन् । सेतीवेणीमा मिसिने सेतीखोलाको बाहब र कालीगण्डकी उच्च बहावले शिला परिक्रमास्थल समेत पूर्णरूपमा क्षत्विक्षत् बनेको स्थानीय तिलक परालुलीले बताउनुभयो ।

पवित्र शालिग्राम शिलासँगै शालिग्राम क्षेत्रका सत्तल लगायतका सबै संरचना डुवानमा परेका छन् । शिला संरक्षणका लागि बनाएको तटबन्ध र ग्याबिन जालीसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जान रोक लगाइको छ । कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सिमानामा पर्ने सेतीबेणीबजार डुबानको खतरामा पर्ने गरेको हो । कालीगण्डकी र सेतीखोलाको बहाब बढेसँगै सेतीबेणीबजार डुबानमा पर्ने चिन्ताले पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फको बजार क्षेत्रका झण्डै दुई सय ब्यापारी तथा सर्वसाधरण त्रसित बनेका छन् । गत वर्ष साउनमा आएको बाढी बजारसम्म पुगपछि एक घर भत्किनुका साथै आधा दर्जन घर विस्थापित बनेका थिए । कालीगण्डकी नदीलाई बहाब परिवर्तन नगरेसम्म जोखिम कायमै रहिरहने गल्याङ नगरपालिका-५ का अध्यक्ष घनश्याम भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार गुल्मीतर्फवाट बहाव लगेर शालिग्राम शिलाको संरक्षण गर्नुपर्ने उहाँको माग रहेको छ ।

शालिग्राम शिला अवस्थित स्थानको नजिकमा रहेको स्याङ्जाको गल्याङ नगरपालिका, पर्वतको विहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले आवश्यक समन्वय गरेर सेतीवेणी क्षेत्रको संरक्षण गर्नुपर्ने विहादी गाउँपालिकाका अध्यक्ष परबीन गुरुङले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ साईला पण्डितको चौतारो पोखरी तथा धार्मिक पार्क निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः साईला पण्डितको चौतारो पोखरी तथा धार्मिक पार्क ठेगानाः पोखरा-१३
योजना सम्झौता मितिः २०८१/११/०६ गते
योजना शुरु हुने मितिः २०८१/११/०७ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/२० गते
योजनाको कुल लागतः रु. ७,३६,८४२।-
महानगरपालिकाबाटः रु. ७,००,०००।-
जनसहभागिताबाटः रु. ३६,८४२।-
उपभोक्ता समिति अध्यक्षः भगसागर बराल
सम्पर्क नं.: ९८५६०३५९१४
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५ जना

**आर्वा कसेरी डुम्रीबोट टोल विकास संस्था**
**पोखरा-१३**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ महाकालेश्वर मन्दिर संरक्षण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः महाकालेश्वर मन्दिर संरक्षण
ठेगानाः पोखरा-१३
योजना शुरु हुने मितिः २०८१/११/०५ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१८ गते
योजनाको कुल लागतः रु. ३,१५,७८९.४७
महानगरपालिकाबाटः रु. ३,००,०००।-
जनसहभागिताबाटः रु. १५,७८९.४७
उपभोक्ता समिति अध्यक्षः गिरीराज बराल
सम्पर्क नं.: ९८४६५८४६०३
उपभोक्ता समिति सदस्यः १२ जना महिलाः ३ पुरुषः ९ जना

**महाकालेश्वर शिवालय विकास समिति**
**पोखरा-१३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २००९/०८/०१

स्वर्गारोहणः
वि.स. २०८२/०३/०८

**स्व: राधादेवी बास्तोला**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य विमला बास्तोलाको सासुआमा **राधादेवी बास्तोला**को ७३ वर्षको उमेरमा भएको असामयिक निधनमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**भवानी माकाजू**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**